# आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य

**मध्यनेपाल नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भोर्लेटार, लमजुङ**
**४ नं प्रदेश, नेपाल**
**मिति : २०७५/०३/१०**

**आदरणिय नगर सभाका अध्यक्ष एवं सदस्य ज्यू हरु,**

संघिय लोकतान्त्रीक गणतन्त्र संस्थागत भएपछि संविधान र वित्तिय संघियताको कार्यान्वयन गर्न आर्थिक वर्ष २०७५/०७६ को बजेट यस गरिमामय सभामा पेश गर्न पाउँदा म अत्यन्त गौरवान्वीत भएको छु ।

राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र र सामाजिक न्याय र परिवर्तनका लागि ज्यान बलिदान गर्ने अमर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मुलुकको परिवर्तन र अग्रगमनका लागि भएका सबै प्रकारका आन्दोलनमा नेतृत्वदायी भुमिका खेल्नु हुने सबै राजनीतिक अग्रजप्रति सम्मान व्यक्त गर्दछु । वि.सं.२००७ मा नेपाली काँग्रेस र कम्यूनिष्ट पाटीले गरेको जनक्रान्ती देखि २०६२/०६३ साल सम्म भएका सबै राजनीतिक क्रान्तिको म यस क्षणमा स्मरण गर्न चाहन्छु ।

- राज्यको निर्देशक सिद्धान्त, संघिय, प्रादेशिक र स्थानिय आर्थिक नीति र दीगो विकासका लक्ष्य प्राप्ती एवं स्थानिय सरकारमा नीति र कार्यक्रमलाई प्रभावकारी र जनमुखी तरिकाले कार्यान्वयन गर्ने गरी यो बजेट तर्जुमा गरिएको छ । विभिन्न विकास प्रेमी आदरणीय **मध्यनेपाल** नगर बासी दाजुभाई, दिदीबहिनी बाट प्राप्त रचनात्मक सुझाव र नगरसभा सदस्यहरु बाट प्राप्त सुझाव समेतलाई आधारमानी यो बजेट निर्माण गरीएको छ । साथै उल्लेखित आधारहरु यस प्रकारका छन् ।

- मध्यनेपालको आर्थिक बृद्धीको जग स्थानिय योजना र नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट गरिने छ ।

- मध्यनेपालमा रहेका सबै प्रकारका विभेद, बहिष्करण, उत्पीडन, बन्चीतिकरण र असमानताको अन्त्य गर्नको लागि उपलब्ध स्रोत र साधनको समन्यायीक वितरणको माध्यमबाट आर्थिक सामाजिक रुपान्तरण गरिने छ ।

- मध्यनेपालको बजेट तर्जुमा गर्दा स्थानिय तहको अधिकारको सूची र नीति तथा कार्यक्रमलाई ध्यान दिई उच्च, दीगो र फराकिलो साथै समावेशी आर्थिक बृद्धी हुने गरी योजना तर्जुमा गरिएको छ ।

- मध्यनेपालको बृहत्तर विकासको लागि उद्धेश्य र प्राथमिकता तोकी प्रदेश र संघ सँग समन्वय र रणनीतिक साझेदारी गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरिने छ ।

- मध्यनेपालको विकासको लागि कानून तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व बृद्धी, योजनाको प्राथमिकिकरण र कार्यान्वयन सार्वजनिक निर्माणमा गुणस्तरियता र सुशासन कायम गर्न जोड दिईने छ ।

- हामी संविधानको कार्यान्वयन र संघिय ढाँचाको राज्य व्यवस्थाको कार्यान्वयनको चरणमा छौं । आर्थिक बृद्धी र सुशासन प्रवर्धनको लागि नागरिक सँग अन्तरसंवाद गर्दै सुशासन, विकास र समृद्धीको लागि साधन र स्रोतको अधिकतम परिचालन गर्ने संकल्प गर्दछौं ।

**आर्थिक वर्ष २०७५/७६को बजेटका उद्धेश्य यस प्रकार छन् ।**

- पूर्वाधार विकास मार्फत आर्थिक समृद्धीमा जोड दिने ।
- स्थानिय उत्पादन र उत्पादकत्व बृद्धी गरी आय आर्जन र स्वरोजगारका अवसर बृद्धी गर्ने ।
- मध्यनेपाल समृद्धीको आधार, कृषि, जलस्रोत, पर्यटन र पूर्वाधार भन्ने नारालाई संस्थागत गर्ने ।
- गरीबी, असमानता र भोकमरी न्यूनिकरण गर्दै जाने ।

**माथि उल्लेखित उद्देश्य परिपूर्तिका लागि देहाय बमोजिम प्राथमिकता तय गरिएको छ ।**

- आर्थिक विकास
- सामाजिक विकास
- पूर्वाधार विकास
- वन वातावरण र विपत व्यवस्थापन
- संस्थागत विकास र सेवा प्रवाह
- वित्तिय व्यवस्थापन र सुशासन

माथि उल्लेखित उद्धेश्य र प्राथमिकतालाई पुरा गर्न निम्न अनुसारको बजेट व्यवस्था गरिएको छ । **आय तर्फ** संघ बाट प्राप्त हुने वित्तिय समानिकरण ८,६७,००,०००/- संघ बाट प्राप्त हुने राजश्व बाँडफाँड ५,९२,५६,०००/- संघ बाट प्राप्त हुने सशर्त २१,१२,००,०००/- प्रदेश बाट प्राप्त हुने वित्तिय समानिकरण १,१४,३९,०००/- प्रदेश राजश्व बाँडफाँड बाट प्राप्त हुने ३५,३९,९२०/- नगरको आन्तरिक आम्दानी १,००,००,०००/- सामाजिक सुरक्षा ५,००,००,०००/- नगद मौज्दात अनुमानित १,००,००,०००/- मालपोत रोयल्टी र अन्य आय बाट प्राप्त १०,००,०००/- गरी कुल जम्मा ४४,३१,३४,९२०/-आय अनुमान गरिएको छ । साथै व्यय तर्फ चालु खर्च निशर्त ४,५१,८४,९२०/- पुंजीगत वित्तिय समानिकरण, राजश्व बाँडफाँड र आन्तरिक आय बाट व्यय भार हुने कार्यालय व्यवस्थापन ५१,००,०००/- पुंजीगत योजना १३,२६,५०,०००/- सशर्त अनुदान तर्फ शिक्षा, स्वास्थ्य, कृषि, पशु र महिला विकास २१,१२,००,०००/- सामाजिक सुरक्षा तर्फ ५,००,००,०००/- र न्यून १०,००,०००/- रहने छ ।

उपरोक्त बजेट मध्ये पुंजीगत तर्फको योजनागत बाँडफाँड यस प्रकार रहेको छ ।